नेपाल सरकार (मन्त्रिपरिषद्), मिति २०७७/०५/०९ को निर्णय अनुसार विभागिय मन्त्रीस्तरको मिति २०७७/०५/१८ को निर्णयबाट स्वीकृत

# कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आ.व. २०७७/०७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरुको प्राविधिक कार्य संचालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन

**(पशुपन्छी विकास तर्फ)**

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

सिहंदरवार, काठमाडौं

विषय-सूचि


१. लागत साझेदारीमा बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्वन्धी मार्गदर्शन, २०७७

२. लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्वन्धी मार्गदर्शन, २०७७

३. ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्वन्धी मार्गदर्शन, २०७७

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७७/०५/०९ को निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको ।

# लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्वन्धी मार्गदर्शन, २०७७

## पृष्ठभूमि

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(१) अनुसार नेपाल सरकारले प्रदेश र स्थानीय तहमा सशर्त अनुदान रकम पठाउने व्यवस्था अनुसार कृषि तथा पशुपन्छी विकास तर्फका कार्यक्रम संचालन गर्ने उद्देश्यले स्थानीय तहमा वजेट विनियोजन भएको छ। यस क्षेत्रमा विनियोजित सशर्त बजेट राष्ट्रिय प्राथमिकता प्राप्त दूध, मासु, अण्डा र ऊन लगायतका पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने तुलनात्मक लाभका वस्तुहरु निर्यात गर्ने लक्ष्य प्राप्तिमा उपयोग गर्न प्रदेश र स्थानीय तहको लागत साझेदारी समेत सुनिश्चित गर्न आवश्यक छ। पशुपन्छी प्रवर्द्धन कार्यक्रमलाई लागत साझेदारीमा सुचारु रुपले संचालन गरी अपेक्षित प्रतिफल प्राप्त गर्न सहयोग पुऱ्याउने उद्देश्य अनुरुप नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/०५ गतेको निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो "लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्वन्धी मार्गदर्शन, २०७७" स्वीकृत गरेको छ।

# २. लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्वन्धी मार्गदर्शन, २०७७

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस मार्गदर्शनको नाम "लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्बन्धी मार्गदर्शन, २०७७" रहेको छ।

(२) यो मार्गदर्शन कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यसञ्चालन प्रक्रियामा

(क) "लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम" भन्नाले स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत संचालन हुने निम्न अनुसारका कार्यक्रमहरु लाई सम्झनु पर्छ।

(१) लागत साझेदारीमा भैंसीपालन प्रवर्द्धन कार्यक्रम

(२) लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम

(३) लागत साझेदारीमा चौंरी प्रवर्द्धन कार्यक्रम

(४) लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम

(५) लागत साझेदारीमा भेडा प्रवर्द्धन कार्यक्रम

(६) लागत साझेदारीमा बङ्गुर प्रवर्द्धन कार्यक्रम

(७) लागत साझेदारीमा पाडा प्रवर्द्धन कार्यक्रम (मासु उत्पादन)

(८) लागत साझेदारीमा मध्यपहाडी लोकमार्ग दुग्ध उत्पादन कार्यक्रम

(९) लागत साझेदारीमा हुलाकी राजमार्ग दुग्ध उत्पादन कार्यक्रम

(१०) सामाजिक परिचालक (पशु सेवा प्रा.)

(११) लागत सहभागितामा दुग्ध चिस्यान केन्द्र निर्माण

(१२) लागत स्सहभागीतामा व्यवसायिक पशु पालन कार्यक्रम (सहकारी तर्फको सवै)

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम राज्यशक्तिको संरचना र राज्यको बाँडफाँड गरे अनुसार गठन भएका गाउँपालिका र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले नेपालको संविधान बमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड गरे अनुसार गठन भएका प्रादेशिक सरकार सम्झनुपर्छ।

(घ) "संघ" भन्नाले नेपालको संविधान बमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड गरे अनुसार गठन भएको संघीय सरकारलाई सम्झनुपर्छ।

(ङ) "समूह वा समिति" भन्नाले स्थानीयतहको पशुसेवा वा कृषि शाखामा दर्ता/सूचिकृत भएका पशुपालक समूह वा समितिहरुलाई सम्झनुपर्छ।

(च) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएका (कृषि पशुपालन तथा दुग्ध व्यवसाय सम्बन्धि कार्य गर्ने उद्देश्य भएका) सहकारी संस्था भन्ने सम्झनुपर्छ ।

## ३. उद्देश्य

(१) लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ-ः

(क) साझेदारीको अवधारणा अनुरुप स्थानीय पुँजी परिचालन मार्फत आय आर्जन तथा रोजगारीका अवसर सृजना गरी पशुपालक कृषकहरुको बचत सुनिश्चित गर्ने।

(ख) पशुपन्छीको उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा खाद्य सुरक्षा प्रवर्द्धनमा योगदान गर्ने।

(ग) बजारको माग अनुसार गुणस्तरीय पशुपन्छीजन्य उत्पादनको आपुर्ति गर्ने।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**४. कार्यक्रम संचालन प्रक्रिया**

(१) लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको कार्य संचालन प्रक्रिया अपनाइनेछ।

(क) कार्यक्रम संचालन गर्नका लागि स्थानीय तहले कृषि क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्राविधिक संलग्न हुने गरी कार्यदल गठन गर्न सक्नेछ। उक्त कार्यदलले कार्यक्रम संचालन क्षेत्र तथा लाभग्राही छनौटको आधारहरु तय गर्ने, लाभग्राही छनौट गर्ने र अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ।

(ख) स्थानीय तहले कार्यक्रम संचालनको लागि कम्तीमा १५ दिनको म्याद दिई अनुसूची १ वमोजिमको सूचना उपयुक्त संचार माध्यमबाट आव्हान गर्नेछ।

(ग) समूह/समिति/सहकारी संस्थाले अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजना सहित अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(घ) सिमान्तकृत, दलित, महिला, विदेशबाट फर्केका युवा लगायत लक्षित वर्गहरुलाई समूह/समिति/सहकारीमा आवद्ध गरी परिचालन समेत गर्ने गरी निवेदन गर्न सहयोग तथा उत्प्रेरणा गरिनेछ। यस कार्यको लागि निश्चित स्थानीय तहमा खटिएका समाज परिचालकहरु वा पशुसेवा शाखाका प्राविधिकहरुलाई परिचालन गरिनेछ ।

(ङ) यसरी पर्न आएका संक्षिप्त कार्ययोजना सहितको निवेदनको मुल्याङ्कन अन्य कार्यक्रम को लागि अनुसूची ४(क) र दुग्ध चिस्यान केन्द्र निर्माण को लागि अनुसूची ४(ख) वमोजिम गरिनेछ।

(च) बुँदा ४ (ङ) वमोजिम छनौट भएका समूह/समिति/सहकारी संस्थाहरुसँग गरिने सम्झौता अनुसूची ५ वमोजिम हुनेछ।

(छ) कार्यक्रम संचालन गर्दा अनुसूची-६ वमोजिमको क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

(ज) लाभग्राही/ समूह/ समिति छनौट गर्दा पारदर्शी प्रक्रियाको अबलम्वन गर्नुपर्नेछ र छनौटमा नपरेका लाभग्राही/ समूह/ समितिहरुको हकमा कारण सहितको सूचना सार्वजनिक गर्नुपर्नेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**५. कार्यक्रम कार्यान्वयनका लागि नर्मस**

(१) लागत साझेदारीमा पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन गर्न अनुसूची ७ मा उल्लेख भए बमोजिम कृषक परिवार, उत्पादन पकेट र समूह/समिति/सहकारी गठन वा परिचालन गर्नु पर्नेछ।

(२) कार्यक्रमको लागि बजेट विनियोजन तथा रकम खर्च गर्दा देहाय बमोजिम गर्न सकिनेछ।

(क) अनुसुची ७ मा उल्लेख भएका पशु खरिद गर्न कम्तीमा ८० प्रतिशतसम्म

(ख) तालिम, गोष्ठी, भ्रमण, अनुगमन र प्रशासनिक कार्यमा बढीमा १० प्रतिशतसम्म

(ग) (क) र (ख) मा उल्लेखित बाहेकका अनुसूची ६ मा समावेश भएका अन्य क्रियाकलाप संचालन गर्न १० प्रतिशतसम्म

(घ) खरिद भएका पशुको अनिवार्य पशु बीमा गर्नुपर्ने।

## परिच्छेद-३

## सामाजिक परिचालक सम्बन्धी व्यवस्था

(सामाजिक परिचालक सम्बन्धी सशर्त कार्यक्रममा समावेश भएको स्थानीय तहको हकमा मात्र)

**६. सामाजिक परिचालकको नियुक्ति, योग्यता र काम कर्तव्य**

(१) सामाजिक परिचालक सम्बन्धी व्यवस्थाका लागि निम्न कार्य संचालन प्रक्रिया अपनाइनेछ।

(क) सामाजिक परिचालकको नियुक्तिः लागत साझेदारी कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरुले सामाजिक परिचालक करारमा नियुक्ति गर्न सक्नेछन्।

(ख) सामाजिक परिचालकको शैक्षिक योग्यताः पशुपालन सम्बन्धी मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा टि.एस.एल.सी. वा भेटेरिनरी जेटिए तालिम प्राप्त गरेको हुनु पर्नेछ।

(ग) करारमा सामाजिक परिचालक नियुक्त गर्दा योग्यता र प्रतिस्पर्धाको सिद्धान्त अवलम्बन गर्नुपर्नेछ र सो अनुसार गर्दा शैक्षिक योग्यता र अनुभव समेतलाई आधार मानि छनौट गर्नुपर्नेछ ।

(घ) सामाजिक परिचालकको काम कर्तव्य

(१) सम्बन्धित स्थानीय तहको पशुपन्छी सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र प्रेषण गर्न सहजीकरण गर्ने।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
काठमाडौं

(२) समूह/समिति गठन तथा सहकारी संस्थासँग कार्यक्रम सञ्चालन गर्न समन्वय र सहजीकरण गर्ने।

(३) पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी प्राविधिक सेवा प्रदानमा सहयोग गर्ने।

(४) पशुपन्छीजन्य उत्पादनको बजार व्यवस्थापन तथा समन्वयमा किसानलाई सहजीकरण गर्ने।

(५) स्थानीय तहको पशु सेवा शाखा सँग समन्वय गरि प्राविधिक कार्यमा सहयोग गर्ने।

(६) संघ र प्रदेशसँग लागत साझेदारीमा सञ्चालित भएकाकार्यक्रमको प्रगतिको मासिक तथा चौमासिक प्रतिवेदन रुपमा सम्बन्धित तहलाई अनिवार्य रुपमा अनुसूची ८ र ९ अनुसार पेश गर्न सहयोग गर्ने।

(७) मासिक इपिडिमियोलोजिकल रिपोर्ट तयार पार्न सहयोग गर्ने।

(८) सिमान्तकृत दलित महिला लगायत लक्षित वर्गहरुलाई समूह गठन र परिचालन समेत गर्ने गरी निवेदन गर्न सहयोग तथा उत्प्रेरणा गर्ने ।

(९) पशु सेवा शाखाको प्रमुखले तोकेको अन्य कामकाज गर्ने।

## परिच्छेद-४

## दुग्ध चिस्यान केन्द्र निर्माण सम्बन्धी व्यवस्था

*(दुग्ध चिस्यान केन्द्र निर्माण सम्बन्धी सशर्त कार्यक्रममा समावेश भएको स्थानीय तहको हकमा मात्र)*

**७.** लागत सहभागितामा दुग्ध चिस्यान केन्द्र निर्माण तथा सञ्चालनका लागि देहाय बमोजिमको प्रक्रिया अपनाउन सकिनेछ।

(१) दुग्ध चिस्यान केन्द्र निर्माणको लागि दूध उत्पादन पकेट क्षेत्रको रुपमा विकास भएका शहर वा शहरोन्मुख बस्तीका दुग्ध व्यवसायमा संलग्न रहेका सहकारी तथा कृषक समुहलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ र सो उपलब्ध नभएमा इच्छुक निजी डेरी उद्यमीहरूलाई समेत संलग्न गराउन सकिनेछ।

(२) दुग्ध चिस्यान केन्द्रहरुसँगको लागत साझेदारी रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ।

(क) दुग्ध चिस्यान केन्द्रका लागि आवश्यक भौतिक संरचना निर्माण/सुधार (प्रकाश/भेन्टीलेसन व्यवस्थापन तथा कीरा फट्यांग्रा नियन्त्रण सम्बन्धी



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

निर्माण उपकरण, ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण कार्यहरु।

(ख) दुग्ध चिस्यान केन्द्रका लागि आवश्यक मेशिन र उपकरणहरु खरिद तथा जडान (चिलिङ्ग भ्याट, दूध पम्पिङ्ग मोटर, सरसफाई, निसंक्रमण मर्मत संभारमा आवश्यक पर्ने औजार, औद्योगिक बिद्युत मिटर र उपकरणको व्यवस्था)

(ग) भौतिक संरचना निर्माण/सुधार मेशीन र उपकरणहरु खरिद तथा जडान बाहेक अन्य शिर्षकहरूमा ५% सम्म खर्च गर्न सकिनेछ।

(३) चिस्यान केन्द्र कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।

(क) सडकको पहुँच भएको।

(ख) पानी तथा विद्युतको उपलब्धता भएको।

(ग) वित्तीय संस्थाहरूको पहुँच भएको।

(घ) ३०० लिटर क्षमताको चिलिंग भ्याट स्थापनाको लागि कम्तीमा २५० लिटर, ५०० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि सो स्थानमा दैनिक कम्तीमा ४०० लिटर, १००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा ८०० लिटर, २००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा १६०० लिटर र ३००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा २५०० लिटर दूध संकलन र विक्री हुने सम्भावना भएको क्षेत्र हुनुपर्ने।

(ङ) दुग्ध चिस्यान केन्द्र सञ्चालन गर्ने स्थलको जग्गा सहकारी/उद्यमीको आफ्नै भए सो को जग्गाधनी प्रमाणपूर्जाको फोटोकपी निवेदनसँगै संलग्न हुनुपर्नेछ।

(च) जग्गा भाडामा लिएको भए कम्तीमा १० वर्षको करार/सम्झौता र आवश्यक पूर्वाधार निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(छ) सम्बन्धित सरकारी निकायबाट उद्योग सञ्चालनको अनुमती र आवश्यकता अनुसार खाद्य अनुज्ञा पत्र प्राप्त गरेको।

(४) चिस्यान केन्द्र संचालन व्यवस्थापनको सम्वन्धमा सम्बन्धित स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद-५

### ८. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह र तिनको जिम्मेवारी

१. संघीय निकायहरु

(क) संघ अन्तर्गतका पशु सेवा सँग सम्बन्धित कार्यालय/फार्म/केन्द्रबाट प्रविधिक सेवा तथा वस्तु जस्तै खोप, उन्नत नक्ष्लको थुमा, घाँसको बीउ बेर्ना लगायतका उत्पादन सामाग्री आपूर्तिका लागि सहजीकरण गर्ने।

(ख) कार्यक्रम संचालनमा सहजीकरण,

(ग) अनुगमन तथा पृष्ठपोषण।

२. प्रादेशिक निकायहरु

(क) प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका पशु सेवासँग सम्बन्धित कार्यालयकेन्द्र फार्म/हरु मार्फत उत्पादन सामाग्री, तालिम खोप, उन्नत नक्ष्लको थुमा, घाँसको बीउ बेर्ना लगायतका उत्पादन सामाग्री आपूर्तिका लागि सहजीकरण गर्ने।

(ख) सरकारी एवं निजी स्रोत केन्द्र एवं स्थानीय तहहरुबीच समन्वय,

(ग) कार्यक्रम अनुगमन तथा मूल्याङ्कन ।

३. स्थानीय तह

(क) कार्यक्रम विस्तृतीकरण,

(ख) आवश्यक भएमा सामाजिक परिचालक व्यवस्था

(ग) लाभग्राही/अनुदानग्राही छनौट,सम्झौता एवं अनुदान प्रवाह ,

(घ) नियमित अनुगमन, पृष्ठपोषण एवं प्रतिवेदन



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित स्थानीय तहले लागत सहभागिता गर्नु पर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने,

## परिच्छेद-६
## अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

९. अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको प्रक्रिया अपनाउन सकिनेछ।

(१) स्थानीय तहले संचालित कार्यक्रममा उपलव्ध गरेको रकम समूह/समिति/सहकारीमा सदुपयोग भए, नभएको र लक्ष्य अनुसार प्रगति भए, नभएको बारेमा वा अन्य आवश्यक प्राविधिक विषयमा यसै कार्य संचालन प्रकृयाको दफा ४ (१) "क" वमोजिम गठित कार्यदलले अनुगमन र मूल्याङ्कन गरी आफ्नो राय र सुझाव स्थानीय तहमा पेश गर्नु पर्नेछ। अनुगमन तथा मुल्यांकन कार्यमा सम्वन्धित प्रादेशिक मन्त्रालय अन्तर्गत जिल्ला स्थित पशु सेवा हेर्ने निकाय लाइ संलग्न गराउन सकिनेछ।

(२) संघ र प्रदेशले आवश्यकता अनुसार अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ।

(३) पशुसेवा शाखाले अनुसूची- ७ र ८ अनुसार फर्मेट भरी अनिवार्य रूपले प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका जिल्ला स्थित पशु सेवा हेर्ने सम्बन्धित कार्यालय र पशु सेवा विभागमा चौमासिक रूपमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ।

अनुसूची १

स्थानीय तहले प्रकाशन गर्नु पर्ने सूचनाको फर्मेट

**साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी सूचना**

...................................पालिका ,.........

प्रथम पटक प्रकाशित मिति २०......./...../. ...

आ.व.२०.../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु **"लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया-२०७७"** बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक सहकारी संस्था, कृषक समूह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | संख्या | ...पालिकाबाट व्यहोरिने साझेदारी रकम रु. |
|---|---|---|---|
| १ | | | |

निवेदन र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस ..........................पालिकाको वेबसाईट.....................बाट डाउन लोड गर्न सकिने छ वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ। अन्य थप जानकारीका लागि फोन नं. ............................. मा सम्पर्क गर्नुहुन अनुरोध छ।

अनुसूची २

संक्षिप्त कार्ययोजनाको ढाँचा

१. व्यवसायको परिचयः

२. कार्यक्रम शुरु हुने मितिः

३. कार्यक्रम सम्पन्न हुने मितिः

४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरणः

५. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु. | स्थानीय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची ३

लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालनको लागि निवेदन पत्र

मितिः ..............

श्रीमान प्रमुखज्यू
....................गा.पा.\न. पा. \उ.न.पा\म.न. पा...........।

विषयः लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम उपलव्ध गराईदिने बारे।

महोदय,
यस पालिकाको मिति २०७७।।गतेको प्रकाशित सूचना अनुसार यस समूह/समिति/सहकारी संस्थाले पशुपन्छी प्रवर्द्धन कार्यक्रम (गाई/चौंरी/भैंसी/पाडा/भेडा/वाखा/वंगुर/दुग्ध चिस्यान केन्द्र...........संचालन गर्न निम्नानुसार कागजात सहित निवेदन गरेका छौ। कार्यक्रममा साझेदारीको लागि प्राप्त रकमको दुरूपयोग नगर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

संलग्न कागजातहरुः
१. समूह\समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दुग्ध व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरु
२. समूह\समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि
३. समूह\समिति/सहकारी संस्थाका सदस्यहरूको नामावली
४. अन्य आवश्यक कागजातहरु (स्थानीय तहको आवश्यकता अनुसार)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची ४(क)

**मुल्यांकन सम्बन्धी**

लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रममा सहभागीताका लागि साझेदार छनौटका आधारहरु
(मुल्यांकन गर्ने आधारहरु )

*(स्थानीय आवश्यकता अनुसार प्रति आधार अंक भार ५ देखि २० सम्म राखेर पूर्णाक १०० मा मुल्यांकन गर्नु पर्नेछ ।)*

१. स्थानको उपयुक्तता (सामाजिक, भौगोलिक एवं वातावरणीय दृष्टिकोणले सम्भाव्यता) वढीमा ५ अंक

२. पूर्वाधार विकास एवं विकासका सम्भावनाहरु वढीमा ५ अंक

३. हाल संचालित कार्यक्रम एवं कृयाकलापहरुको अवस्था एवं अवसरहरु

(क) आवेदक समूह वा सहकारीका कम्तीमा पनि आधा सदस्यले हाल पनि पशुपालन गरिरहेको भए वढीमा १० अंक

(ख) बजार तथा बजारिकरणको सहजता वढीमा १५ अंक

४. कार्यक्रमको लागि आवश्यक योग्यता, तालिम एवं अनुभव

(क) विगत २ वर्ष देखि पशुपालन व्यवसाय (दर्तावाल) गरिरहेको भए वढीमा १५अंक

(ख) १ वर्ष वा सो भन्दा कम भए वढीमा १० अंक

(ग) समूह दर्ता हुँदाको बखत देखि समूहको सदस्यको रुपमा आफ्नै प्राविधिक (कम्तीमा भेटेरिनरी जे.टि.ए.) भएको भए वढीमा १० अंक

५. पेश गरेको संक्षिप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको साझेदारी रकम १० अंक

६. जैविक सुरक्षा तथा वातावरणीय अवस्था वढीमा ५ अंक

७. समूह/समिति/सहकारी मा रहेका एकल महिला, दलित, जनजाती तथा सिमान्तकृत कृषकहरु, विदेशबाट फर्किएका युवाहरुको संख्या वढीमा १५ अंक

अनुसूची ४(ख)

**मुल्यांकन सम्बन्धी**

लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रममा सहभागीताका लागि साझेदार छनौटका आधारहरु
(दुग्ध चिस्यान केन्द्र निर्माण को लागि मुल्यांकन गर्ने आधारहरु)

| क.स | मापदण्ड | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने आधार र अङ्क भार | कैफियत |
|---|---|---|---|---|
| १ | दूध संकलन कार्यकोलागि समुह/ सहकारी रहेको स्थानको उपयुक्तता | २० | ○ बाटोको सुविधा : प्रकृति हेरी अधिकतम १० अङ्क<br>○ जग्गाको प्रकृति र त्यहाँको भौतिक पूर्वाधार : अधिकतम ५ अङ्क<br>○ विद्धुत सुविधा : फेज अनुसार अधिकतम ५ अंक | |
| २ | दूध संकलन कार्यमा सहकारी/ समुह को अनुभव | १५ | ○ प्रति वर्ष ५ का दरले अधिकतम १५ अङ्क | |
| ३ | पेश गरेको संक्षिप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको साझेदारी रकम | २५ | ○ संक्षिप्त कार्ययोजना को सान्दर्भिकता र उपयुक्तता : अवस्था हेरी अधिकतम १५ अंक<br>○ साझेधारी रकम : प्रतिशतको आधारमा वढी साझेदारी गर्ने लाइ अधिकतम १० अंक | |
| ४ | चिलिङ्ग भ्याट थपेपछि संकलन गर्न सकिने थप दूधको परिमाण | ४० | प्रत्येक २.५ प्रतिशत सम्भाव्य वृद्धिका लागि१ अङ्कका दरले बढीमा ४० अङ्क | |
| | **जम्मा** | **१००** | | |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची-५

## द्विपक्षीय सम्झौता पत्र

.............................पालिकाको आर्थिक वर्ष ..................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्न श्री ...........................................पालिकाको कार्यालय ,.................... (यसपछि प्रथम पक्ष भनिने) र श्री ..........................., ....................... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरी दियौं/लियौं।

**तपसिल**

१.प्रथम पक्षले ....................... कार्यक्रमको लागि विनियोजित रु....................मध्ये दोश्रो पक्षसँग रु.............. (अक्षरुपी.............) बराबरको रकम साझेदारी गर्नेछ।

२.दोश्रो पक्षले साझेदारी वापतको बाँकी रकमको व्यवस्था गरी .................जिल्ला ................ गा.पा/न.पा/उ.म.न.पा ........ नं. वडाको ................. भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना वमोजिमका सम्पुर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, बिल भर्पाई र कार्य सम्पन्न प्रतिबेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भर्पाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैङ्क खातामा एक मुष्ठ भुक्तानी दिनेछ।

६. मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

साझेदारी रकमको भुक्तानी बैङ्क खाता मार्फत गर्नेछ। कार्यक्रम सम्बन्धी प्राविधिक सेवा टेवा समन्वय र सहजीकरण प्रथम पक्षले गर्नु पर्नेछ।

७. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

१०. दोस्रो पक्षले चौमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु स्थानीय तहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

११ कार्यक्रम संचालनको क्रममा कुनै विवाद आएमा दुबै पक्षको आपसी समझदारीमा समाधान गरिने छ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत ........... साल ............. महिना ......... गते रोज ........ शुभम्।

**नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताबिकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिने छ।**



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची-६

**लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम सम्पादन गर्न सम्भावित क्रियाकलापका सूची**

स्थानीय तहले निम्न क्रियाकलापहरु आवश्यकता अनुसार सम्पादन गर्न सक्नेछ।

- **पशुपन्छी नश्ल सुधार कार्यक्रम**
    - कृत्रिम गर्भाधान
    - प्राकृतिक गर्भाधानः साँढे/राँगो/ थुमा वितरण
    - उन्नत पशु खरिद तथा वितरण
- **असल पशुपालन अभ्यास**
    - गोठ निर्माण सुधार
    - पशु पहिचान तथा ट्रेसियाविलिटी
    - बायोसेक्युरिटी व्यवस्थापन
    - पशुपालनमा साना यान्त्रिकरण प्रवर्द्धन
- **पशु स्वास्थ्य कार्यक्रम**
    - सर्भिलेन्स तथा ईपिडिमियोलोजिकल रिपोर्टिङ्ग
    - आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण र खोप कार्य
    - नमुना संकलन तथा रोगको पहिचान र उपचार
    - जैविक सुरक्षा
- **पशु आहार सेवा कार्यक्रम**
    - घाँस विकास कार्यक्रमः भुईघाँस, डालेघाँसहरू
    - चरन विकास कार्यक्रम
    - घाँसको बीउ आपूर्ति
    - नर्सरी व्यवस्थापन कार्यक्रम
    - आहारा संरक्षण कार्यक्रमः हे, साइलेज वा अन्य
    - पशु आहारामा यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम
- **कृषकस्तर तालिम तथा क्षमता अभिवृद्धि**
    - कृषकस्तर तालिम कार्यक्रम
    - जानकारी मूलक सन्देश प्रकाशन प्रसारण कार्यक्रमः कुन माध्यमबाट जस्तै, पत्रपत्रिका वा रेडियो वा एफ. एम. वा टेलिभिजन आदि

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

- **बजार प्रवर्द्धन कार्यक्रम**
    - चिलिङ्ग सेन्टर स्थापना
    - डेरी प्रवर्द्धन कार्यक्रम
    - दुग्ध संकलन केन्द्र स्थापना कार्यक्रम
    - मासु पसल सुधार कार्यक्रम
    - पशुहाट बजार स्थापना
    - डेरी पसल सुधार कार्यक्रम
    - पशु हाटबजार स्थापना
    - संकलन केन्द्र निर्माण
    - पशुजन्य पदार्थ ढुवानी प्रवर्द्धन कार्यक्रम
- **प्राविधिक सेवा प्रदान**
    - प्रसार कार्यक्रम
    - समन्वय सहकार्य कार्यक्रम
- **अनुगमन मूल्याङ्कन**
    - प्रतिवेदन तयारी एवं प्रेषण
    - सार्वजनिक सुनुवाई

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसुची - ७

## कृषक परिवार, उत्पादन पकेट र समूह गठन/परिचालन गर्ने आधार

| क.सं. | कार्यक्रम | प्रति पालिका | | | |
|---|---|---|---|---|---|
| | | पकेट संख्या | प्रति पकेट समूह | प्रति समूह कृषक | प्रति परिवार **न्यूनतम** पशु संख्या |
| १ | लागत साझेदारीमा भैंसीपालन प्रवर्द्धन कार्यक्रम | आवश्यकता अनुसार | ५ | १० | प्रति कृषक परिवार २ मुर्रा वा मुर्रा क्रस भैंसी |
| २ | लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम | आवश्यकता अनुसार | ५ | १० | प्रति कृषक २ जर्सी वा होल्स्टिन क्रस गाई |
| ३ | लागत साझेदारीमा चौंरी प्रवर्द्धन कार्यक्रम | आवश्यकता अनुसार | ३ | १० | प्रति कृषक १० माउ चौंरी गाई |
| ४ | लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम | आवश्यकता अनुसार | ५ | १० | प्रति कृषक ५ माउ बाख्रा |
| ५ | लागत साझेदारीमा भेडा प्रवर्द्धन कार्यक्रम | आवश्यकता अनुसार | ५ | १० | प्रति कृषक ५० माउ भेडा* |

* *पशु खरिदको लागि निर्धारित ८०% भार भेडाको हकमा अनिवार्य नहुने*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | लागत साझेदारीमा बङ्गुर प्रवर्द्धन कार्यक्रम | आवश्यकता अनुसार | ५ | १० | प्रति कृषक ५ माउ उन्नत बंगुर |
| ७ | लागत साझेदारीमा पाडा प्रवर्द्धन कार्यक्रम (मासु उत्पादन) | आवश्यकता अनुसार | ५ | १० | प्रति कृषक ५ पाडा |
| ८ | लागत साझेदारीमा मध्यपहाडी लोकमार्ग दुग्ध उत्पादन कार्यक्रम | आवश्यकता अनुसार | ५ | १० | प्रति कृषक २ जर्सी वा होल्स्टिन क्रस गाई वा २ मुर्रा/ मुर्रा क्रस भैंसी |
| ९ | लागत साझेदारीमा हुलाकी राजमार्ग दुग्ध उत्पादन कार्यक्रम | आवश्यकता अनुसार | ५ | १० | प्रति कृषक २ मुर्रा वा मुर्रा क्रस भैंसी |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची- ८

## प्रगति प्रतिवेदनको ढाँचा

स्थानीय तहको नाम ............................................ जिल्ला .............

प्रदेशको नाम......................

कार्यक्रमको नाम.....................

लागत साझेदार समूह /समिति /सहकारी/ चिस्यान केन्द्र(नाम.............वडा नं....... टोल..........)

| क .सं. | ईकाई | परिणाम | वार्षिक बजेट (रु. हजारमा) | वार्षिक खर्च (रु. हजारमा) | वित्तीय प्रगति प्रतिशत | क्रियाकलाप | प्रथम चौमासिक | | द्वितीय चौमासिक | | तृतीय चौमासिक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |

तयार गर्नेको नाम र पद...............

दस्तखत..........

पशु सेवा शाखाको प्रमुखको नाम........

दस्तखत...........

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची- १०

## उपलब्धी प्रतिवेदनको ढाँचा (पालिकाकासँग सम्बन्धित कार्यक्रम अनुसार मात्र भर्ने)

स्थानीय तहको नाम ................ जिल्ला ..................

प्रदेशको नाम......................

कार्यक्रमको नाम.....................

| क्र. सं. | समूह/समिति /सहकारी/ चिस्यान केन्द्रको नाम | ठेगाना | लाभान्वित संख्या | दुध संकलन चिस्यान र बिक्री लि. | दूध (लि.) | | मासुका लागि खसी बोका संख्या | | मासुका लागि पाडा संख्या | | प्रजननका लागि बोका बाखी र अन्य पशु संख्या | | प्रति इकाई मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उत्पादन | बिक्री | उत्पादन | बिक्री | उत्पादन | बिक्री | उत्पादन | बिक्री | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |

तयार गर्नेको नाम र पद................

दस्तखत..........

पशु सेवा शाखाको प्रमुखको नाम........

दस्तखत............

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ